त्रिवेणी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तोलि, बाजुरा

७ नं प्रदेश, नेपाल

मिति : २०७५।४।१३

## पोषण स्वयंसेवक आवश्यकता सम्बन्धी सूचना

बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनका लागि यस त्रिवेणी नगरपालिकामा निम्न योग्यता पुगेको पोषण स्वयंसेवकको आवश्यकता भएकोले, इच्छुक नेपाली नागरिकहरुवाट यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र दरखास्त आव्हान गरिन्छ ।

पद : पोषण स्वयंसेवक
सँख्या : १ (एक ) जना
कार्यक्षेत्र : त्रिवेणी नगरपालिका, बाजुरा जिल्ला
सेवा अवधी : असार मसान्त २०७६

**आवश्यक शैक्षिक योग्यता, अनुभ र अन्य :**

- मान्यता प्राप्त शैक्षिक संस्थावाट कम्तीमा कक्षा १२ वा सो सरहको परीक्षा उतीर्ण गरी पोषण, सामुदायिक स्वास्थ्य तथा सामुदायिक परिचालनको क्षेत्रमा कम्तीमा २ वर्ष अनुभव हासिल गरेको हुनुपर्नेछ, विगतमा सम्वन्धीत स्थानीय तहबाट सामाजिक परिचालक भई काम गरेकोलाई ग्राह्यता दिईनेछ ।
- कम्तीमा २१ वर्ष उमेर पूरा भएको हुनपर्नेछ ।
  सम्वन्धीत स्थानीय तहमा वसोवास गरेको हुनु पर्नेछ ।
- प्रचलित कानूनले नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको हुनुपर्नेछ ।
- पोषण तथा शुसासन सम्वन्धी राम्रो ज्ञान भएकोलाई विशेष प्राथमिकतामा राखिनेछ ।

**सेवा सुविधा** : कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

**आवश्यक कागजातहरु**

- कार्यालयद्वारा निर्धारित दरखास्त १ थान
- वैयक्तिक विवरण (Biodata) १ थान
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ थान ।
- पासपोर्ट साईजको फोटो २ प्रति ।
- नेपाल सरकारवाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट माथि उल्लेखित पद अनुसार उर्त्तिण गरेको प्रमाण पत्रका प्रतिलिपिहरु ।

upload
अपलोड

प्रमुख प्रशासकिय अधिकृत

- कुनै पनि सरकारी तथा गैरसरकारी संस्थामा काम गरेको अनुभवको कागजातहरुको प्रतिलिपी ।

**काम, कर्तव्य र जिम्मेवारी**

- गर्भवती आमा, प्रजनन उमेरका महिला र किशोरीहरुमा पोषण सम्बन्धी सचेतना जगाउने , समुदाय परिचालन, सुनौला हजार दिनका आमा र बालबालिका पहिचान र परिचालन, र पोषण मैत्री स्थानीय तहको घोषणाका लागि सहयोग गर्ने ।
- कार्यक्रमको आवश्यकता अनुसार लक्षित वर्गको समुह गठन तथा परिचालन गर्ने ।
- वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक बस्नको लागि आवश्यक सहजीकरण गर्ने
- त्रिवेणी नगरपालिकाको पोषण पार्श्वचित्र तयार गर्न आवश्यक तथ्यांक संकलन र अद्यावधिक गर्ने ।
- त्रिवेणी नगरपालिकामा रहेको पोषण रजिष्टर अद्यावधिक गर्ने ।
- समय समयमा हुने जिल्ला समन्वय समिति, स्थानीय तह, केन्द्र तथा दातृ निकायबाट हुने विभिन्न खालको अनुगमन कार्यमा सहयोग गर्ने ।
- विषयगत शाखा (कृषि, पशुसेवा, महिला तथा बालबालिका, शिक्षा, खानेपानी तथा सरसफाई, स्थानीय शुसासनका) को पोषण लक्षित र पोषण संवेदनशिल कार्यक्रमहरु लक्षित समुहमा कार्यान्वयन गर्नका लागि आवश्यक सहयोग र सहजीकरण गर्ने ।
- स्थानीय तहको वस्ती स्तरको योजना छनौट प्रकृयामा पोषण तथा सुनौला १००० दिनका घर परिवारको आवश्यकता अनुसारको योजना तर्जुमा गर्नका लागि पैरवी गर्ने ।
- पूर्ण पोषणयुक्त वस्ती, वडा तथा स्थानीय तह बनाउनका लागि विभिन्न अभियानका कार्यक्रमहरुमा सहजीकरण गर्ने ।
- प्रमुख प्रशासकिय अधिकृत तथा पोषण संयोजक, सम्पर्क व्यक्तिले तोकेको कार्य गर्ने ।

**प्रथम पटक प्रकाशन मिति : २०७५/०४/१३**

**आवेदकले दरखास्त पेश गर्ने तरिका, मिति, समय र स्थान:** माथि उल्लेखित योग्यता पुगेका काम गर्न ईच्छुक नेपाली नागरिकले मिति २०७५/०४/२७ गते कार्यालय समयभित्र नगर कार्यपालिकाको कार्यालयमा रु ५००।० दस्तुर सहित रीत पूर्वकको दरखास्त पेश गर्न सक्नेछन् तथा कार्यालयको ईमेल ठेगाना : ito.trivenimun@gmail.com मा पठाउन सक्नेछन् । रीत नपुगेको तथा तोकीएको समय भन्दा ढिलो गरि प्राप्त हुन आएको आवेदनलाई प्रतिस्पर्धामा समावेश गरिने छैन । संक्षिप्त सुचीमा परेका आवेदकहरुलाई मात्र लिखित तथा अन्तर्वार्ताका लागि खवर गरिनेछ । यस सम्बन्धी सम्पूर्ण अधिकार स्थानीय तहमा रहनेछ ।

तिर्थराज थापामगर
नि. प्रमुख प्रशासकिय अधिकृत
**नि.प्रमुख प्रशासकिय अधिकृत**